**बैतडीमा राजस्व व्यवस्थापन तथा परिचालन सम्बन्धी क्षमता विकास**

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना डोटीको आयोजनमा बैतडी जिल्लाका स्थानीय तहका नगर उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा प्रमुख र राजस्व परामर्श समिति सदस्यहरुका लागि स्थानीय तहमा आन्तरिक राजस्व परिचालनका सम्भावना र सवालहरू पहिचान गरी स्थानीय तहको राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ बैतडीको पाटनमा तीन दिने राजस्व व्यवस्थापन तथा परिचालन सम्बन्धी क्षमता विकास तालिम मिति २०८२ पौष २८ देखि ३० गते सम्म सञ्चालन गरिएको छ। तालिममा बैतडी जिल्लाका ८ वटा स्थानीय तहका ३० जनाको सहभागिता रहेको थियो।

तीन दिन सम्म सञ्चालन भएको प्रशिक्षणमा स्थानीय राजस्व प्रशासनका असल अभ्यासहरुको समिक्षा तथा सवाल बारेमा प्यानल छलफल गरी सुधारका क्षेत्र पहिचान गरिएको थियो । प्रशिक्षण अवधिमा राजस्वको सैद्धान्तिक अवधारणा र व्यवहारिक अवस्था, कानूनी प्रावधानका बारेमा समुह अभ्यास गरी राजस्व प्रशासनलाई तथ्याङ्कमा आधारित बनाउने विधि तथा प्रकृयाको बारेमा सहभागिमा स्पष्ट गरिएको थियो। प्रशिक्षणमा आगामि आर्थिक बर्षदेखि राजस्वको सम्भाव्यता, पहिचान, अनुमान तथा प्रक्षेपण एवम् संकलन विधि तथ्याङ्कमा आधारित बनाउने विधि तथा प्रकृयाको बारेमा सहजिकरण गरिएको हो।

प्रशिक्षण अवधिमा सहभागि शान्ति कुवरले गाउँपालिकाको आर्थिक ऐनको समिक्षा गरी ती दस्तावेजमा भएका प्रावधानको कार्यान्वयन गर्ने विधि र सुधारका क्षेत्र पहिचान भएको तथा राजस्व परामर्श समितिको भूमिका तथा कर्तव्यका बारेमा स्पष्ट भएको बताउनु भएको छ। सिगास गाउँपालिकाका उपाध्यक्ष धना धामीले सम्पत्ति कर लगायतका करको दर तथा दायरा वृद्धि गर्न सकिने विधि तथा प्रकृयाको बारेमा प्रष्ट भएको बताउनु भएको छ।

सुदूरपश्चम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको तर्फबाट तालिम तथा समन्वय विज्ञ अर्जुन सुवेदीले स्थानीय तहका जिज्ञासाबारेमा वोल्दै प्रतिष्ठानले स्थानीय तहको मागको आधारमा विभिन्न क्षमता विकास तथा प्राविधिक सहजिकरणको कार्यक्रमहरु रहेको र मागका आधारमा क्षमता विकास तथा प्राविधिक सेवा उपलव्ध गराउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

दोगडाकेदार नगरपालिकाका उपप्रमुख पार्वती कार्कीले समापन सत्रमा बोल्दै प्रशिक्षण अवधिमा कर तथा गैरकरका क्षेत्र तथा राजस्व प्रशासनलाई व्यवस्थित गर्न यो प्रशिक्षण फलदायी भएको र प्रशिक्षणको अन्त्यमा तयार गरिएको कार्ययोजनाको कार्यान्वयनको प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । प्रशिक्षणको सहजीकरण सहजकर्ता द्वय श्री मदन आचार्य र लोक बहादुर थापाले गर्नु भएको हो ।




क्षमता विकास कार्यक्रम
समापन सत्र
क्षमता विकास तालिम


"स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुका
लागि राजश्व सुधार सम्बन्धी"
क्षमता विकास तालिम
पौष २८-३०, २०८२
पाटन, बैतडी
(PLGSP)